# मोलुङ गाउँपालिका उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यविधि -२०८०

मोलुङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत आ व २०८०/८१ को स्वीकृत कार्यक्रम अन्तर्गतको उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि मोलुङ गाउँपालिका ओखलढुङ्गाले यो कार्यविधि जारी गरेको छ।

१. (१) संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम "उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम कार्यविधि,२०८० रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकले अनुमोदन गरेपश्चात लागू हुनेछ ।

२. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) छनौट समिति भन्नाले दफा ४ बमोजिम गठित उत्कृष्ट शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

(ख) गाउँपालिका भन्नाले मोलुङ गाउँपालिका सम्झनु पर्छ।

(ग) समिति भन्नाले मोलुङ गाउँपालिकाको सामाजिक विकास समिति सम्झनु पर्छ।

(घ) शाखा भन्नाले यस गाउँपालिका मातहतमा रहेको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

(ङ) प्रदेश भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(च) विद्यालय भन्नाले मोलुङ गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनु पर्छ।

३. उदेश्यः यस कार्यविधिको उदेश्य देहायबमोजिम रहेको छ :

(क) उत्कृष्ट शिक्षक छनौटका आधार र मापदण्ड निर्धारण गरी पारदर्शी र प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्ने ।

(ख) तोकिएको मापदण्ड बमोजिम उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गर्न सहयोग पुर्याउने ।

(ग) उत्कृष्ट छनौट हुने शिक्षकहरूलाई प्रदान गरिने प्रोत्साहन रकम शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न मार्गदर्शन गर्ने ।

४. छनौट समितिः (१) मोलुङ गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट शिक्षक छनौटका लागि देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) | लेखा अधिकृत/लेखा शाखा प्रमुख | सदस्य |
| (ग) | शिक्षा अधिकृत | सदस्य |

(२) यस दफा बमोजिमको समितिले बैठक सम्बन्धी कार्यविधि आफैले तयार गर्न सक्नेछन् ।

५. छनौट समितिको भूमिकाः दफा ४ बमोजिम गठित समितिको कार्यविवरण देहाय बमोजिम हुनेछः

(क) विद्यालयबाट प्राप्त सिफरिसहरूको दफा ७ को आधारमा उत्कृष्ट शिक्षक मूल्याङकन गर्ने ।

(ख) उत्कृष्ट शिक्षकलाई दिइने पुरस्कार रकम निर्धारण गर्ने ।

(ग) उत्कृष्ट शिक्षक छनौट गर्ने ।

(घ) छनौट भएका उत्कृष्ट शिक्षकहरूको सूची शिक्षा युवा तथा खेलकुद शाखामा पठाउने ।

६. शिक्षा युवा तथा खेलकुद शाखाको भूमिका :

उत्कृष्ट शिक्षक छनौट गर्न तथा छानिएका शिक्षकहरूलाई प्रदान गरिने प्रोत्साहन रकमको कार्यान्वयनका सन्दर्भमा शिक्षा युवा तथा खेलकुद शाखाको भूमिका निम्नानुसारको हुनेछ :

३७५.
२०८०/१०/३

(क) सम्वन्धित विद्यालयका उत्कृष्ट शिक्षक सिफारिस गर्न पत्रचार गर्ने ।

(ख) विद्यालयबाट प्राप्त सिफारिसहरूलाई संकलन गरी छनौट समिति समक्ष पेश गर्ने ।

(ग) कार्यक्रम अनुगमन गर्ने ।

(घ) प्रगति प्रतिवेदन मोलुङ शिक्षा समिति तथा मोलुङ गाउँपालिकामा पेश गर्ने ।

७. शिक्षकहरू पुरस्कृत गर्ने आधारहरू

| | कुल पूर्णाङ्क १०० |
|---|---|
| १ | जेष्ठता वापत १० अंक |
| | सम्वन्धित तहमा स्थायी कार्यअवधिका आधारमा प्रतिवर्ष १ अकका दरले बढीमा १० अंक तर कक्षा ११ र १२ का हकमा अस्थायीलाई आधार मानिनेछ। |
| २ | सिकाई उपलब्धी २५ अंक |
| | औषत उपलब्धी GPA ३ वा ७५ प्रतिशत भन्दा माथि भएमा २५ अंक |
| | औषत उपलब्धी GPA २वा ५० प्रतिशत भन्दा माथि ३ वा ७५ प्रतिशत भन्दा कम भएमा २० अंक |
| | औषत उपलब्धी GPA २ वा ५० प्रतिशत भन्दा कम भएमा १५ अंक |
| | प्रा वि शिक्षकका लागि कक्षा ५ को उपलब्धी परीक्षा , नि मा वि शिक्षकका लागि कक्षा ८ को गाउँपालिकास्तरीय आधारभूत तह उत्तिर्ण परीक्षा र मा वि कक्षा (९-१०) शिक्षकका लागि SEE र कक्षा ११/१२ शिक्षकका लागि SLC परीक्षालाई आधार मानिनेछ। |
| ३ | न्युनतम शैक्षिक योग्यता २० |
| | प्रथम श्रेणी वा GPA ३ भन्दा माथि भए २० |
| | द्वितिय श्रेणी वा २ भन्दा माथि ३ भन्दा कम भए १६ |
| | तृतीय श्रेणी वा २ भन्दा कम भए १२ |
| ४ | सम्बन्धित विषयमा माथिल्लो शैक्षिक योग्यता १० |
| | प्रथम श्रेणी वा GPA ३ भन्दा माथि भए १० |
| | द्वितिय श्रेणी वा २ भन्दा माथि ३ भन्दा कम भए ८ |
| | तृतीय श्रेणी वा २ भन्दा कम भए ६ |
| ५ | थप शैक्षिक उपलब्धि (सम्बन्धित विषय बाहेक अन्य विषयमा माथिल्लो योग्यता भएमा वा उच्च योग्यत भएमा) ५ अंक |
| | प्रथम श्रेणी वा GPA ३ भन्दा माथि भए ५ |
| | द्वितिय श्रेणी वा २ भन्दा माथि ३ भन्दा कम भए ३ |
| | तृतीय श्रेणी वा २ भन्दा कम भए २ |
| ६ | विद्यालय व्यवस्थापनको सिफारिसबाट १० अंक |
| | नियमितता ३ अक |
| | अनुशासन/आचरण ३ अंक |
| | विशेष जिम्मेवारी ४ अंक |
| ७ | शिक्षा शाखाको अनुगमनबाट १० अंक |

उपा.
२०७८।१०।२

| तालिम बापत १० (जसमा विशिष्ट श्रेणी १०, प्रथम ८, दितीय ६) |

उत्कृष्ट वाल कक्षा शिक्षक छनोटको आधार

| क.स | आधार | पूर्णाङ्क | | | |
|---|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता +2 | २० | प्रथम २० | द्धितिय १६ | तृतिय १२ |
| २ | माथिल्लो योग्यता स्नातक तह | १५ | प्रथम १५ | द्धितिय १३ | तृतिय ११ |
| ३ | स्नाकोत्तर | ५ | प्रथम ५ | द्धितिय ३ | तृतिय २ |
| ४ | वि.व्य.स.का. सिफारिस | १० | | | |
| ५ | जेष्ठता | २० | प्रत्येक वर्षको १ अंकका दरले | | |
| ६ | शिक्षाशाखाको अनुगमन | १० | | | |
| ७ | विद्यार्थी संख्या | २० | १:२० भन्दा माथि<br>२० | १:१० देखि १:२० सम्म<br>१६ | १:१० भन्दा कम<br>१२ |
| जम्मा | १०० अंक | | | | |

कक्षा ५, कक्षा ८ र कक्षा १० को अन्तिम परीक्षामा गाउँपालिकाभर उत्कृष्ट हुन सफल प्रथम, द्धितिय र तृतीय विद्यार्थीहरूलाई पुरस्कृत गर्ने ।

८. **कार्यक्रममा खर्च हुने रकमः** शाखाले प्रचलित आर्थिक कार्यविधि तथा नियमानुसार मात्र खर्च गर्नुपर्नेछ, अन्यथा कानुन बमोजिम कारवाही हुनेछ ।

९. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१०. **संशोधनः** मोलुङ गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

प्र.
२०७७।७।१२